# तुलसीपुर उपमहानगरपालिका
# प्रदेश नं. ५ , नेपाल
# बालहित कोष संचालन मापदण्ड
# २०७७

तुलसीपुर उपमहानगर नगरकार्यपालिकाको कार्यालय, दाङ्ग

# तुलसीपुर उपमहानगरपालिकाको बालहित कोष सञ्चालन मापदण्ड, २०७७

<u>नगर कार्यपालिकाबाट पारित मितिः २०७७।०४।३२</u>

<u>प्रस्तावनाः</u>

नेपालको संबिधान २०७२ को धारा ३९ को बालबालिकाको हकको कार्यान्वयन गर्न र आपतकालिन अवस्थामा रहेका बालबालिकालाई तत्काल उद्धार,राहत र पुनःस्थापना गर्ने को साथै विपन्न परिवारका, गम्भीर प्रकृतिको घातक रोग लागेका, असहाय तथा अनाथ बालबालिकाको पालनपोषण, हेरचाह, शिक्षादिक्षा र स्वास्थ्य उपचार लगायतका सहयोगको लागि त्यस्ता बालबालिकालाई आर्थिक राहत रकम उपलब्ध गराउने कार्यका लागि उपमहानगरपालिकामा बालहित कोष स्थापना गरी सो कोषबाट तत्काल उद्धार, राहत, पुनःस्थापना पालनपोषण, हेरचाह, शिक्षादिक्षा र उपचार लयागतको सहयोग गर्ने कार्यलाई सरल,सहज एवं प्रभावकारी बनाउनको लागि **तुलसीपुर उपमहानगरपालिकाको बालहित कोष सञ्चालन कार्यबिधि, २०७६ को** दफा (८) उपदफा (ङ)) को अधिकार प्रयोगगरी बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि,२०७६ को अधीन एवं स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ उपदफा(२) ले दिएको अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकाको **बालहित कोष सञ्चालन मापदण्ड, २०७७ तयार** गरिएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः**

(क) यो मापदण्डको नाम **"तुलसीपुर उपमहानगरपालिकाका बालहित कोष सञ्चालन मापदण्ड, २०७७"** रहने छ ।

(ख) यो मापदण्ड नगरकार्यपालिकाको बैठकले पारित गरी नगर प्रमुखबाट प्रमाणिकरण गरेको मिति देखि लागु हुनेछ ।

**२) परिभाषा :**

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा

(क) "बालहितकोष" भन्नाले तुलसीपुर उपमहानगरपालिकाले आपतकालिन अबस्थामा रहेका बालबालिकाको उद्धारका लागि खडा गरेको कोष सम्झनु पर्दछ ।

(ख) "कोष संचालन समिति" भन्नाले बालहित कोष कार्यविधि,२०७६ को दफा (७) उपदफा (७.२) बमोजिमको कोष संचालन समिति सम्झनु पर्दछ ।

(ग) "उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकालाई सम्झनु पर्नेछ ।

(घ) "बालबालिका"भन्नाले अठार वर्ष उमेर पुरा नगरेका व्यक्ति सम्झनु पर्दछ ।

(ङ) “आपतकालिन अवस्थामा रहेका बालबालिका” भन्नाले देहायका अवस्थाका बालबालिका सम्झनु पर्दछ ।

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेको

(२) हराएको वा वेवारिसे अवस्थामा फेला परेको

(३) बन्धकमा रहेको वा जबरजस्ती श्रमबाट पिडित रहेको

(४) शारिरीक वा मानसिक यातना वा भेदभावबाट पिडित रहेको

(५) दुर्घटना भएको, प्राकृतिक वा मानव सिर्जित विपदबाट प्रभावित भएको

(६) बावु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्वन्धित रहेको कारणले वेवारिसे भएको

(७) यौनशोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको

(८) हिंसाबाट प्रभावित भएको

(९) कुनै पनि किसिमको अपांगता भएको

(१०) अपहरणमा परेको

११) सडकमा भेटिएको वेवारिस

१२) एच. आई. भी बाट संक्रमित

१३) कोष संचालन समितिले तोकेको अन्य बालबालिका

(च)“विपन्न परिवारका बालबालिका”भन्नाले प्रचलित कानुन ,नेपाल सरकारको नीति बमोजिम विपन्न परिवार मानिएका परिवारका बालबालिका सम्झनु पर्दछ । र सो शब्दले स्थानीय तहको सम्वन्धित वडा कार्यालयले बिपन्न परिवार हो भनि प्रमाणित तथा सिफारिश गरेका परिवारका बालबालिकालाई समेत जनाउँछ ।

(छ) “गम्भीर प्रकृतिको घातक रोग”भन्नाले नेपाल सरकारले घातक रोग भनी घोषणा गरेका क्यान्सर, मुटु, मृगौला, हेड इञ्जुरी, स्पाइनल इञ्जुरी ,सिकलसेल एनिमिया,पार्किन्सोनिज्म,अल्जाइमर तथा मस्तिस्कघात, पक्षघात, फोक्सो, कलेजो, अल्टस्टिक इनिमिया, थालिसिमिया रोग जस्ता घातक एवं उपचारका दृष्टिकोणले महंगो हुने रोगहरु सम्झनु पर्छ ।

(ज) “असहाय बालबालिका”भन्नाले बालबालिकाको पालन पोषण, शिक्षादिक्षा,उपचार तथा संरक्षणको लागि सहयोग तथा सहायता गर्ने एकाघरका उमेर पुगेको कोही व्यक्ति नभएका बालबालिका सम्झनु पर्छ ।

(झ) “अनाथ बालबालिका”भन्नाले प्रचलित कानुन बमोजिम अनाथ प्रमाणित गरिएका र पालन पोषण तथा संरक्षणका लागि कुनै संरक्षक, व्यक्ति परिवार वा जिम्मा नरहेको वा जिम्मा रहेको भएता पनि आर्थिक दृष्किोणले विपन्न परिवार, व्यक्ति वा संरक्षकसँग रहेका बालबालिका भन्ने सम्झनु पर्दछ ।

(ञ) “सम्बन्धित वडा कार्यालय”भन्नाले बालबालिका वा बालबालिकाको बुवा आमाको स्थायी बसोबास भएको स्थानीय तहको वडा कार्यालय सम्झनु पर्छ र सो शब्दले बुवा तथा आमा छुट्टिएर अलग बसेका भए जो सँग बालबालिका बस्छन् निजको स्थायी बसोबास रहेको वडा कार्यालयलाई समेत जनाउँछ ।

**३. राहत तथा आर्थिक सहयोगको आधार र मापदण्डः**

(१) तुल्सीपुर उपमहानगरपालिकाको बालहितकोष संचालन कार्यविधि,२०७६ को दफा(७) को उपदफा (७.२) बमोजिमको कोष परिचालन समितिले आपतकालिन अवस्थामा रहेका बालबालिकालाई तत्काल उद्धार, राहत र पुनःस्थापना गर्नुको साथै विपन्न विपन्न परिवार, गम्भीर प्रकृतिको घातक रोग लागेका, असहाय तथा अनाथ परिवारको बालबालिकाको पालनपोषण, हेरचाह, शिक्षादिक्षा, स्वास्थ्य उपचार तथा अन्य सहयोगको लागि त्यस्ता बालबालिकालाई आर्थिक राहत सहयोग उपलब्ध गराउने कार्यका लागि आर्थिक सहयोग रकम उपलब्ध गराउदा देहाय बमोजिमको रकमको हद र आधार लिनपर्दछ ।

**(२)** यस मापदण्ड बमोजिम लक्षित बालबालिकालाई सामान्यतया एक वर्षमा एक पटक देहाय बमोजिमको आर्थिक राहत सहयोग मध्ये कुनै एक आर्थिक राहत सहयोग उपलब्ध गराइने छः–

**(क)** गम्भीर प्रकृतिको रोग  वा घातक रोग,दुर्घटना तथा चोटपटक बाट गम्भीर रुपमा घाइते भएका, गम्भीर शारीरिक मानसिक समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही  बाबुआमा वा परिवारवाट उपचारको व्यबस्था हुन नसकेको वा सामान्य जीवन  यापन गर्न कठिनाइ भएका बालबालिकाको उपचार सहयोग पच्चीस हजार रुपैयाँ सम्म,

(ख) अनाथ/असहाय /अशक्त बालबालिका वा बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्त भएको कारण उचित हेरचाह नपाएका बालबालिकाको पालन पोषण, हेरचाह, शिक्षादीक्षा तथा संरक्षण सहयोग दश हजार रुपैयाँसम्म,

(ग) जोखिममा परेका वा प्राकृतिक तथा मानवीय कारणले सिर्जित आपतकालीन बाल संरक्षण सहयोग सात हजार रुपैयाँसम्म,

(घ) विपन्न परिवारकाका बालबालिका लागि लत्ता कपडा, विद्यालय पोशाक, झोला तथा शैक्षिक सामग्री वा सामान्य उपचार सहयोग पाँच हजार रुपैयाँसम्म,

ङ) श्रम शोषण र कुनै पनि हिंशावाट मुक्तगरी घर परिवार पुनर्मिलन तथा पुनःस्थापना खर्च, पारिवारिक व्यवसाय र जिविकोपार्जन गर्न पन्ध्र हजार रुपैयाँसम्म,

(च) कोष संचालन समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति, आवश्यक्ता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैयाँ ।

## ४. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :

(१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने बालबालिका वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ । निवेदनका साथमा बालबालिका र परिवार सदस्यको परिचय खुल्ने कागजपत्र संलग्न हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको साथ सम्वन्धित वडा कार्यालय, प्रहरी कार्यालय वा अस्पताल वा विद्यालयको सिफारिस पत्र पनि पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गर्दा आपतकालिन अवस्थामा रहेका, विपन्न परिवारका, गम्भीर प्रकृतिको घातक रोग लागेका, असहाय तथा अनाथ बालबालिकालाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा बालहित कोष कार्यविधि,२०७६ को दफा (७) को उपदफा (७.२) बमोजिम कोष संचालन समितिले निर्णयगरी उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि आपतकालिन अवस्थामा रहेका बालबालिका, विपन्न परिवारका, गम्भीर प्रकृतिको घातक रोग लागेका, असहाय तथा अनाथ बालबालिकालाई राहत तथा आर्थिक सहयोग तत्काल उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा बालहित कोष कार्यविधि,२०७६ को दफा (७) को उपदफा (७.२) बमोजिम कोष संचालन समितिबाट पछि अनुमोदन गराउनेगरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाचबुझ गर्दा आपतकालिन अवस्थामा रहेका बालबालिका, विपन्न परिवारका, गम्भीर प्रकृतिको घातक रोग लागेका, असहाय तथा अनाथ बालबालिकालाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।